# मेगा बैंक नेपाल लिमिटेड

## पुनः बोलाइएको विशेष साधारण सभा - २०७४

# मेगा बैंक नेपाल लिमिटेडको विशेष साधारण सभा सम्बन्धी सूचना

मिति २०७४ कार्तिक १३ गते (तदनुसार ३० अक्टुबर २०१७) का दिन बसेको यस बैंकको सञ्चालक समितिको १९९औं बैठकको निर्णयानुसार मिति २०७४/०८/०४ गते बोलाईएको यस बैंकको विशेष साधारण सभा कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा बैंकको नियमावलीको नियम २३ बमोजिम गणपूरक संख्या नपुगेको कारण स्थगित हुन गएकोले कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (३), दफा ६७ को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांश, बैंकको नियमावलीको नियम १८ को उपनियम (६) तथा नियम २३ को प्रतिबन्धात्मक वाक्यांशको अधिनमा रही उल्लेखित मितिमा बोलाईएको साधारण सभा पुन: बोलाउने सम्बन्धमा मिति २०७४/०८/०६ मा बसेको बैंकको सञ्चालक समितिको २०२औं बैठकको निर्णयानुसार मिति २०७४/०७/१६ मा नागरिक राष्ट्रिय दैनिक र मिति २०७४/०७/१७ मा अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचनाकै विषयवस्तुहरु माथि छलफल तथा निर्णय गर्न बैंकको विशेष साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा पुन: बोलाईएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. मिति, स्थान तथा समय:

मिति : २०७४ साल पौष ४ गते मंगलबार (तदनुसार १९ डिसेम्बर, २०१७) ।
स्थान : आर्मी अफिसर्स क्लब भद्रकाली, काठमाडौं ।
समय : बिहान ११ :३० बजे ।

२. छलफलका विषयहरु :

(क) विशेष प्रस्ताव :-

(१) मेगा बैंक नेपाल लिमिटेड र टुरिजम डेभलपमेन्ट बैंक लिमिटेड एक आपसमा गाभ्ने गाभिने सम्बन्धमा सञ्चालक समितिको प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

(२) मेगा बैंक नेपाल लिमिटेड र टुरिजम डेभलपमेन्ट बैंक लिमिटेड एक आपसमा गाभ्ने गाभिने प्रयोजनको लागि मूल्याङ्कनकर्ता सिएससि एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेण्ट्स्बाट प्राप्त दुवै संस्थाको सम्पत्ति र दायित्व मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report) बाट सिफारिश भएको शेयर आदान प्रदान अनुपातमा गाभिए पश्चात्का व्यावसायिक अवसरहरु, सम्पत्ति तथा दायित्वको बजार मुल्य, वर्तमान जोखिमको अवस्था तथा अन्य व्यवस्थाका आधारमा मेगा बैंक नेपाल लिमिटेडको प्रति शेयर मुल्य रु. १००/- बराबर टुरिजम डेभलपमेन्ट बैंक लिमिटेडको समायोजित प्रति शेयर मुल्य रु. ९५/- कायम गरी मर्जर अघि कायम रहेका टुरिजम डेभलपमेन्ट बैंक लिमिटेडको १ कित्ता शेयर हुने शेयरधनीलाई गाभिएपछि बन्ने मेगा बैंक नेपाल लिमिटेडको ०.९५ कित्ता शेयर प्रदान गरी मेगा बैंक नेपाल लिमिटेड र टुरिजम डेभलपमेन्ट बैंक लिमिटेड एक आपसमा गाभ्न गाभिन स्वीकृति प्रदान गर्ने ।

(३) मेगा बैंक नेपाल लिमिटेड र टुरिजम डेभलपमेन्ट बैंक लिमिटेड एक आपसमा गाभ्ने गाभिने प्रयोजनका लागि गठित संयुक्त मर्जर कमिटीबाट नियुक्त सम्पत्ति तथा दायित्वको मूल्याङ्कनकर्ता सिएससि एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेण्ट्सको नियुक्ती तथा निजको पारिश्रमिकलाई अनुमोदन गर्ने ।

(४) मेगा बैंक नेपाल लिमिटेड र टुरिजम डेभलपमेन्ट बैंक लिमिटेड एक आपसमा गाभ्ने गाभिने सम्बन्धमा भएको सम्पत्ति तथा दायित्वको मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report), समझदारीपत्र (Memorandum of Understanding), अन्तिम सम्झौतापत्र (Final Scheme of Arrangement) तथा गाभ्ने गाभिने सम्बन्धमा गठित मर्जर कमिटी, संयुक्त मर्जर कमिटी र सञ्चालक समितिले गरेका निर्णय लगायतका सम्पूर्ण काम कारवाहीहरुलाई अनुमोदन गर्ने ।

(५) मेगा बैंक नेपाल लिमिटेड र टुरिजम डेभलपमेन्ट बैंक लिमिटेड एक आपसमा गाभिए पछि बन्ने मेगा बैंक नेपाल लिमिटेडको पूँजी संरचना अनुसार जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्ने र सोही अनुरुप बैंकको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने ।

(६) मेगा बैंक नेपाल लिमिटेडको नियमावलीको नियम २७ मा रहेको सञ्चालकको संख्या र कार्यकाल, नियम २९ मा रहेको व्यावसायिक सञ्चालकको नियुक्ति र कार्यकाल तथा नियम ३६ मा रहेको प्रमुख कार्यकारी अधिकृतको नियुक्ति र कार्यकालको सम्बन्धमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुरुप हुने गरी संशोधन गर्ने ।

(७) मेगा बैंक नेपाल लिमिटेड र टुरिजम डेभलपमेन्ट बैंक लिमिटेड एक आपसमा गाभ्ने गाभिने कार्यको लागि नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय तथा नियमनकारी निकायबाट स्वीकृति लिने र अभिलेख गर्ने क्रममा गाभ्ने गाभिने सम्बन्धमा भए गरेका काम कारवाही वा पूँजी संरचना वा प्रबन्धपत्र र नियमावलीको संशोधनको सम्बन्धमा नियमनकारी निकायहरुबाट संशोधन, परिमार्जन तथा थपघट गर्न कुनै निर्देशन प्राप्त भएमा प्राप्त निर्देशन बमोजिम सो समेत मिलाई संशोधन वा परिमार्जन समेतका सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

(ख) विविध :-

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

## विशेष साधारण सभा सम्बन्धी सामान्य जानकारी :

१. मिति २०७३ माघ ६ गते यस बैंक तथा टुरिजम डेभलपमेन्ट बैंक लिमिटेड बीच एक आपसमा गाभ्ने गाभिने सम्बन्धमा सैद्धान्तिक सहमति भए पश्चात् बैंकको शेयर कारोबार मिति २०७३ माघ ७ गते देखि रोक्का रहकोले मिति २०७४/०७/१६ गतेसम्म कायम रहेका शेयरधनीहरुलाई साधारण सभामा सहभागी गराइने छ ।

२. सभा हुने दिन सभामा उपस्थितिका लागि हाजिरी पुस्तिका बिहान १०:०० बजे देखि ४:०० बजेसम्म खुल्ला रहने छ । हाजिरी जनाउनको लागि शेयरधनी महानुभावहरुले आफ्नो परिचयपत्र वा सक्कल शेयर प्रमाणपत्र प्रस्तुत गर्नु पर्नेछ भने आफ्नो शेयर प्रमाणपत्रहरु अभौतीकिकरण गराई सक्नुभएका शेयरधनी महानुभावहरुको हकमा हितग्राही खाता नम्बर (BOID) र सक्कल आधिकारिक परिचय पत्र अनिवार्य रुपमा प्रस्तुत गर्नु पर्नेछ ।

३. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रतिनिधिपत्र (प्रोक्सी फाराम) भरी बैंकको केन्द्रीय कार्यालयमा सभा शुरु हुनु भन्दा कम्तिमा ७२ घण्टा अगाडी दर्ता गरी सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति बैंकको शेयरधनी हुन अनिवार्य छ ।

४. मिति २०७४/०८/०४ गते बोलाईएको विशेष साधारण सभामा उपस्थिति जनाउनु भएका शेयरधनीहरुले पुन: बोलाईएको साधारण सभामा पुन: उपस्थिति जनाउनु पर्नेछ । तर, प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्नु भएका शेयरधनीहरुको हकमा सो प्रतिनिधिपत्रलाई बदर गराउन छुट्टै निवेदन नदिएसम्म वा आफै उपस्थित नभएसम्म साविकको प्रतिनिधिपत्रलाई नै मान्यता प्रदान गरिने छ ।

५. शेयरधनीले एक भन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी वा अन्य कुनै किसिमबाट छुट्याई प्रोक्सी दिन पाइने छैन । यसरी दिइएको प्रोक्सी बदर हुनेछ ।

६. एक जना शेयरधनीले एक भन्दा बढी शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा त्यस्तो प्रतिनिधि (प्रोक्सी) स्वत: बदर हुनेछ। तर, पहिले दिएको प्रतिनिधिपत्र (प्रोक्सी फाराम) बदर गरी पछि दिएको प्रतिनिधिपत्रलाई मात्र मान्यता दिन अनुरोध गरी छुट्टैपत्र साथ प्रतिनिधिपत्र (प्रोक्सी फाराम) दर्ता गर्न ल्याएमा छुट्टै पत्र साथ प्राप्त पछिल्लो प्रतिनिधिपत्र (प्रोक्सी फाराम) लाई मान्यता दिईनेछ ।

७. सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनी स्वयं सभामा उपस्थित हुनु भएमा शेयरधनीको प्रतिनिधिपत्र (प्रोक्सी) स्वत: बदर हुनेछ ।

८. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ ।

९. नावालक तथा अशक्त शेयरधनीहरुको तर्फबाट बैंकको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा मतदान गर्न वा प्रतिनिधि (प्रोक्सी) तोक्न सक्नु हुनेछ ।

१०. साधारण सभा सम्बन्धी थप जानकारीको लागि बैंकको केन्द्रिय कार्यालयको फोन नं. ४१६९२५५ एक्सटेन्सन १००, ३०० र ४०० वा बैंकको शेयर रजिष्ट्रारको कार्य गर्ने नविल ईन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नारायणचौर, नक्सालको फोन नं. ४४१०७३७ मा सर्म्पक गर्नु हुन अनुरोध छ ।

# मेगा बैंक नेपाल लिमिटेड

## विशेष साधारण सभा - २०७४

**सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री भोज बहादुर शाहज्यूले प्रस्तुत गर्नु भएको मेगा बैंक नेपाल लिमिटेड र टुरिजम डेभलपमेन्ट बैंक लिमिटेड बीच एक आपसमा गाभ्ने गाभिने सम्बन्धी विवरण :**

आदरणीय शेयरधनी महानुभावहरु,

मेगा बैंक नेपाल लिमिटेडको यस गरिमामय विशेष साधारण सभामा उपस्थित हुनु भएका आदरणीय शेयरधनी महानुभावहरु, नियमनकारी निकायका प्रतिनिधिज्यूहरु, आमन्त्रित अतिथीहरु, का. मु. प्रमुख कार्यकारी अधिकृत र बैंकका कर्मचारीहरुलाई बैंक सञ्चालक समिति तथा मेरो व्यक्तिगत तर्फबाट आजको यस विशेष साधारण सभामा हार्दिक स्वागत तथा न्यानो अभिवादन व्यक्त गर्दछु ।

मिति २०७२/९/२६ गते सम्पन्न पाँचौं साधारण सभा तथा २०७३/१२/०३ मा सम्पन्न छैटौं साधारण सभाबाट सञ्चालक समितिलाई प्राप्त अख्तियारी बमोजिम टुरिजम डेभलपमेन्ट बैंक लिमिटेडलाई यस मेगा बैंक नेपाल लिमिटेडमा गाभ्ने प्रयोजनको लागि सम्पूर्ण कार्य सम्पन्न गरी दुई संस्था बीच सम्पन्न समझदारीपत्र (Memorandum of Understanding), अन्तिम सम्झौता (Final Scheme of Arrangement), बैंकको सम्पत्ति तथा दायित्वको मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report) लगायत गाभ्ने गाभिने सम्बन्धमा भए गरेका प्रक्रिया तथा निर्णयहरुलाई अनुमोदनको लागि सम्मानित सभामा पेश गरेका छौं ।

आजको यस विशेष साधारण सभामा प्रस्तुत गरिएको विशेष प्रस्तावहरुलाई सर्वसम्मतिले पारित गरी बैंकलाई आफ्नो योजना मुताविक अगाडि बढ्न सहयोग गर्नु हुन शेयरधनी महनुभावहरुलाई अनुरोध गर्दछौं ।

गाभ्ने गाभिने सम्बन्धमा संक्षिप्त विवरण :

(१) संयुक्त मर्जर कमिटीको गठन :

गाभ्ने गाभिने सम्बन्धी आवश्यक कार्य सम्पन्न गर्नको लागि दुवै संस्थाबाट देहाय बमोजिमको संयुक्त मर्जर कमिटी गठन गरिएको थियो ।

| मेगा बैंक नेपाल लिमिटेड | टुरिजम डेभलपमेन्ट बैंक लिमिटेड |
|---|---|
| सञ्चालक श्री गोपाल खनाल - संयोजक | सञ्चालक श्री विश्वम्भर कृष्ण पराजुली |
| सञ्चालक श्री मदन कुमार आचार्य - सदस्य | सञ्चालक श्री भिम प्रसाद पन्त |
| सञ्चालक श्री चेत नारायण पाण्डे - सदस्य | |
| कम्पनी सचिव तुल्सीराम पोखरेल - सचिव | |

(२) सम्पत्ति तथा दायित्व मूल्याङ्कनकर्ताको नियुक्ति :

गाभ्ने गाभिने कार्यको लागि सिएससि एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेण्ट्स्लाई सम्पत्ति तथा दायित्वको मूल्याङ्कनकर्ता नियुक्त गरी २०७३ चैत्र मसान्तसम्मको अपरिष्कृत वित्तीय विवरणको आधारमा दुवै संस्थाहरुको सम्पत्ति तथा दायित्वको मूल्याङ्कन (Due Diligence Audit) गरी निजबाट प्रतिवेदन प्राप्त भएको छ ।

(३) व्यवस्थापन तहको संयुक्त उपसमितिहरुको गठन :

गाभ्ने गाभिने कार्यलाई प्राविधिक रुपमा विश्लेषण गरी गाभ्ने गाभिने कार्यलाई अझ सहज र सवल बनाउने उद्देश्यले दुवै संस्थाको प्रतिनिधिहरु रहने गरी देहाय बमोजिमका संयुक्त उपसमितिहरु गठन गरी उक्त उपसमितिहरुका प्रतिवेदनको आधारमा गाभ्ने गाभिने सम्बन्धी प्राविधिक विषयहरु संयुक्त मर्जर कमिटीलाई निर्णय गर्न सहज बनाईएको थियो ।

(क) सूचना प्रविधि उपसमिति ।

(ख) सञ्चालन उपसमिति ।

(ग) व्यवसाय उपसमिति ।

(घ) मानव संशाधन उपसमिति ।

(ङ) प्रशासन उपसमिति ।

(च) शाखा स्थानान्तरण उपसमिति ।

(छ) वित्त व्यवस्थापन उपसमिति ।

(ज) कार्ड उपसमिति ।

(झ) मर्जर अनुपालना उपसमिति ।

(४) गाभ्ने गाभिने सम्बन्धमा दुवै संस्थाहरुका बीचमा मिति २०७३/१०/०६ मा भएको समझदारीपत्र (Memorandum of Understanding), मिति २०७४/०७/२९ मा भएको अन्तिम सम्झौतापत्र (Final Scheme of Arrangement) तथा सम्पत्ति तथा दायित्व मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report) को मुख्य पक्षहरु देहाय बमोजिम रहेका छन् :

(क) बैंकको नाम :

गाभ्ने गाभिने कार्य सम्पन्न भएपछि बन्ने बैंकको नाम मेगा बैंक नेपाल लिमिटेड नै रहने छ ।

(ख) सञ्चालक समिति :

मिति २०७३/१०/०६ गतेका दिन गरिएको समझदारीपत्र (Memorandum of Understanding) को दफा ७ बमोजिम गाभिए पछि बन्ने मेगा बैंक नेपाल लिमिटेडको सञ्चालक समिति देहाय बमोजिम रहने छ :

(क) मेगा बैंक नेपाल लिमिटेडबाट ५ जना ।

(ख) टुरिजम् डेभलपमेन्ट बैंक लिमिटेडबाट १ जना ।

(ग) मेगा बैंक नेपाल लिमिटेडको वर्तमान विशेषज्ञ सञ्चालक १ जना ।

(ग) कर्मचारी व्यवस्थापन :

टुरिजम् डेभलपमेन्ट बैंक लिमिटेडमा कार्यरत स्थायी कर्मचारीहरुलाई हाल खाईपाई आएको तलव भत्ता भन्दा घटी नहुने गरी पद तथा तलव समायोजन गरी निजहरुलाई पदस्थापना गर्ने व्यवस्था गरिएको छ । सहयोगी श्रेणीका स्थायी कर्मचारीहरुलाई मर्जर अगावै सम्बन्धित संस्थाहरुबाटै अवकाश दिइने छ । गाभिएपछि बन्ने बैंकको प्रमुख कार्यकारी अधिकृत मेगा बैंक नेपाल लिमिटेडको हुने व्यवस्था गरिएको छ । टुरिजम डेभलपमेन्ट बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृतलाई गाभिए पछि बन्ने मेगा बैंक नेपाल लिमिटेडको वरिष्ठ नायब महाप्रबन्धक वा सो सरहको पदमा पदस्थापन गर्ने प्रबन्ध गरिएको छ ।

(घ) शाखा कार्यालय समायोजन :

गाभ्ने गाभिने सम्बन्धमा दुवै संस्थाहरुको एकै स्थानमा रहेका देहाय बमोजिमका शाखा कार्यालयहरुलाई देहाय बमोजिम गाभ्ने वा स्थानान्तरण गर्ने प्रबन्ध गरिएको छ :

| सि.नं. | शाखाहरु | जिल्ला | स्थानान्तरण गर्ने संस्थाको शाखा | सोही ठाँउमा सुचारु रहने संस्थाको शाखा | शाखाहरु स्थानान्तरण गर्नका लागि सिफारिश गर्ने ठाँउको नाम | |
|---|---|---|---|---|---|---|
| १. | नयाँबानेश्वर | काठमाण्डौ | मेगा | टुरिजम | ग्वार्को | ललितपुर |
| २. | नयाँसडक | काठमाण्डौ | टुरिजम | मेगा | स्वयम्भु | काठमाण्डौं |
| ३. | पोखरा | कास्की | टुरिजम | मेगा | लेकसाईड, पोखरा | कास्की |
| ४. | विराटनगर | मोरङ | टुरिजम | मेगा | विराटचोक | मोरङ |
| ५. | वीरगञ्ज | पर्सा | टुरिजम | मेगा | सिमरा | बारा |
| ६. | धनगढी | कैलाली | टुरिजम | मेगा | अत्तरीया | कैलाली |
| ७. | नारायणगढ | चितवन | मेगा | टुरिजम | पर्सा | चितवन |
| ८. | बुटवल | रुपन्देही | टुरिजम | मेगा | परासी | नवलपरासी |
| ९. | हेटौंडा | मकवानपुर | टुरिजम | मेगा | बर्दिवास | महोत्तरी |

(ङ) सूचना प्रविधि :

गाभिए पछि बन्ने मेगा बैंक नेपाल लिमिटेडको सम्पूर्ण सूचना प्रविधि तथा तथ्याङ्कहरु हाल मेगा बैंक नेपाल लिमिटेडमा प्रयोग भईरहेको Flexcube बाट नै सञ्चालन गरिने छ । टुरिजम डेभलपमेन्ट बैंक लिमिटेडले प्रयोग गरेको Pumari + लाई Flexcube मा परिवर्तन (Migration) गरिने छ ।

(च) शेयर आदान प्रदान अनुपात :

दुवै संस्थाको शेयर आदान प्रदान अनुपात सम्पत्ति तथा दायित्व मूल्याङ्कनकर्ताबाट प्राप्त प्रतिवेदन अनुसार दुवै संस्थाको Adjusted Networth को आधारमा शेयर आदान प्रदान अनुपात १००:९१.९७ देखिन आएकोमा मर्जर पश्चात् उपलब्ध हुने व्यावसायिक अवसरहरु, व्यवसायको प्रतिष्ठामा वृद्धि, कर्मचारीहरुको योग्यता, क्षमता, दक्षता तथा कार्य कुशलता, बजार उपस्थिति, मुनाफाको इतिहास, पछिल्लो बजार मूल्य तथा इजाजतपत्रको वर्ग समेतका विषयहरुको आधारमा नेपाल राष्ट्र बैंकको बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ को विनियम ९ को उपविनियम (क) बमोजिम मूल्याङ्कनकर्ताले निर्धारण गरेको टुरिजम डेभलपमेन्ट बैंक लिमिटेडको खुद सम्पत्तिको ५.८ प्रतिशतले आधार नेटवर्थमा थप गरी देहाय बमोजिम समायोजित आधार नेटवर्थ (Revised Base Networth) निर्धारण गरी अन्तिम सम्झौता गरिएको हुंदा उक्त शेयर आदान प्रदान अनुपात अनुसार कायम हुने गरी दुवै संस्था एक आपसमा गाभ्न गाभिन स्वीकृति प्रदान गर्नु हुन शेयरधनी महानुभावहरुलाई अनुरोध गरिन्छ ।

| Particular | Weightage | Mega Bank | Tourism Bank |
|---|---|---|---|
| Net Assets (Adjusted Networth) | 75 | 6,481,601,355 | 1,800,608,227 |
| Business Valuation | 20 | 9,901,121,325 | 2,226,577,868 |
| Market Capitalization *(Last 180 Days' Weighted Average Price)* | 5 | 911,845,642 | 202,590,731 |
| Base Networth as per DDA | | 17,294,568,322 | 4,229,776,826 |
| Base Networth Per Share as per DDA | | 228.74 | 210.37 |
| **Revised Base Networth (5.8% Added to Tourism Development Bank)** | | | 139,360,535 |
| No. of Shares | | 75,608,165 | 20,106,199 |
| Revised Base Networth Per Share | | 228.74 | 217.30 |
| Revised Share Swap Ratio | | 1.00 | 0.95 |

(छ) गाभिएपछि बैंकको शेयर संरचना :

दुई संस्थाहरु गाभिनु भन्दा अघि र गाभिने कार्य सम्पन्न भएपछि बन्ने बैंकको पूँजी तथा शेयर स्वामित्व संरचना देहाय बमोजिम कायम रहने छ :

गाभिनु अघिको पूँजी संरचना :

पूँजी संरचना :

| पूँजी विवरण | मेगा बैंक | टुरिजम बैंक |
|---|---|---|
| जारी पूँजी रु. | ७,५६,०८,१६,४८२ | २,०१,०६,१९,९०० |
| चुक्ता पूँजी रु. | ७,५६,०८,१६,४८२ | २,०१,०६,१९,९०० |

शेयर स्वामित्व संरचना :

| समूह | संस्थापक शेयर | | सर्वसाधारण शेयर | |
|---|---|---|---|---|
| | शेयर संख्या | प्रतिशत | शेयर संख्या | प्रतिशत |
| मेगा बैंक | ३,८५,७५,६३,८६२ | ५१.०२% | ३,७०,३२,५२,६२० | ४८.९८% |
| टुरिजम बैंक | १,०४,१०,८६,६३९ | ५१.७८% | ९६,९५,३३,२६१ | ४८.२२% |

गाभिए पछिको पूँजी संरचना :

शेयर आदान प्रदान अनुपात अनुसार हुन आउने शेयर स्वामित्व संरचना :

| विवरण | चुक्ता पूँजी | |
|---|---|---|
| | मेगा बैंक | टुरिजम बैंक |
| चुक्ता पूँजी रु. | ७,५६,०८,१६,४८२ | २,०१,०६,१९,९०० |
| शेयर आदान प्रदान अनुपात | १.०० | ०.९५ |
| शेयरधनीहरुलाई प्रदान गरिने शेयर | ७,५६,०८,१६४.८२ | १,९१,००,८८९.०५ |
| कुल चुक्ता पूँजी रु. | ९,४७,०९,०५,३८७ | |

बैंकको पूँजी संरचना :

| पूँजी विवरण | मेगा बैंक नेपाल लिमिटेड |
|---|---|
| अधिकृत पूँजी रु. | १०,००,००,००,००० |
| जारी पूँजी रु. | ९,४७,०९,०५,३८७ |
| चुक्ता पूँजी रु. | ९,४७,०९,०५,३८७ |

शेयर स्वामित्वको संरचना :

| समूह | गाभिए पश्चात् जम्मा शेयर संख्या | गाभिए पश्चात् जम्मा चुक्ता पूँजी (रु.) | कायम हुने प्रतिशत |
|---|---|---|---|
| संस्थापक | ४,८४,६५,९६२ | ४,८४,६५,९६,१६९ | ५१.१७% |
| सर्वसाधारण | ४,६२,४३,०९२ | ४,६२,४३,०९,२१८ | ४८.८३% |
| जम्मा | ९,४७,०९,०५४ | ९,४७,०९,०५,३८७ | १००% |

(५) वित्तीय अवस्था, कर्जा तथा लगानी र कारोबारको व्यवस्थापन :

गाभ्ने गाभिने कार्य गर्न दुवै संस्थाको सहभागितामा गठित संयुक्त मर्जर कमिटीले नियुक्त गरेको सम्पत्ति तथा दायित्व मूल्याङ्कनकर्ताले उपलब्ध गराएको प्रतिवेदन (Due Diligence Audit Report) का आधारमा दुवै संस्थाको वित्तीय अवस्था, कर्जा तथा लगानी र कारोबार निम्नानुसार हुने छ :

| प्रमुख वित्तीय परिसूचकहरु | मेगा बैंक नेपाल लिमिटेड | टुरिजम् डेभलपमेन्ट बैंक लिमिटेड | स्वाप अनुपात समायोजन | मर्जर पछि बन्ने बैंक |
|---|---|---|---|---|
| चुक्ता पूँजी (आ.व. २०७२/७३ को प्रस्तावित बोनस शेयर तथा हकप्रद शेयर सहित) | ७,५६,०८,१६,४८२ | २,०१,०६,१९,९०० | (१०,०५,३०,९९५) | ९,४७,०९,०५,३८७ |
| • संस्थापक | ३,८५,७५,६३,८६२ | १,०४,१०,८६,६३९ | (५,२०,५४,३३२) | ४,८४,६५,९६,१६९ |
| • सर्वसाधारण | ३,७०,३२,५२,६२० | ९६,९५,३३,२६१ | (४,८४,७६,६६३) | ४,६२,४३,०९,२१८ |
| प्राथमिक पूँजी (रकम रु.दश लाखमा) (चैत मसान्त २०७३) | ५,५५२.८७ | १,६५६.१० | | ७,२०८.९७ |
| पूँजीकोष (रकम रु.दश लाखमा) (चैत मसान्त २०७३) | ६,०६९.७७ | १,७८२.८६ | | ७,८५२.६२ |
| पूँजी पर्याप्तता अनुपात | १४.२१ | १४.९८ | | १४.२४ |
| जोखिम भारित सम्पत्ति (रु. दश लाखमा) | ४२,७२६ | ११,९०३ | | ५४,६२९ |
| नेटवर्थ (जम्मा रकममा) | ८,६४,२१,३५,१४० | २,४०,०८,१०,९६९ | | ११,०४,२९,४६,१०९ |
| प्रति शेयर नेटवर्थ (आ.व २०७२/०७३ को प्रस्तावित बोनस शेयर तथा हकप्रद शेयर पश्चात्) | ११४.३० | ११९.४१ | | ११६.६० |
| कूल कर्जा | ३५,५२,२७,९८,७८१ | १०,०६,७६,६७,१६१ | | ४५,५९,०४,६५,९४२ |
| कूल निक्षेप | ३८,४४,३४,५०,६९५ | ११,०६,१६,५५,०५५ | | ४९,५०,५१,०५,७५० |
| निष्कृय कर्जा (रकममा) | ३०,८३,५३,६७२ | ११,७३,२१,३०७ | | ४२,५६,७४,९७९ |
| निष्कृय कर्जा अनुपातमा (%) | ०.८७ | १.१७ | | ०.९३ |
| कर्जा वर्गीकरण | ३५,५२,२७,९८,७८१ | १०,०६,७६,६७,१६१ | | ४५,५९,०४,६५,९४२ |
| सक्रिय | ३५,२१,४४,४५,१०९ | ९,९५,०३,४५,८५४ | | ४५,१६,४७,९०,९६३ |
| निश्क्रिय | ३०,८३,५३,६७२ | ११,७३,२१,३०७ | | ४२,५६,७४,९७९ |
| शेयर आदान प्रदान अनुपात | १००.०० | ९५.०० | | |
| बजार मुल्य (Average Rate) | ४९८.२३ | ५००.८७ | | |
| खुद नाफा (चैत मसान्त २०७३) | ६०,३४,५३,७३५ | २२,११,६२,८५८ | | ८२,४६,१६,५९३ |

*चुक्ता पूँजी शेयर आदान प्रदान अनुपात १०० : ९५ को आधारमा

(६) प्रबन्धपत्र तथा नियमावलीमा संशोधन :

मेगा बैंक नेपाल लिमिटेडमा टुरिजम डेभलपमेन्ट बैंक लिमिटेड गाभ्ने गाभिने प्रयोजनको लागि मेगा बैंक नेपाल लिमिटेडको प्रबन्धपत्र तथा नियमावलीहरुमा देहाय बमोजिम संशोधन गर्नु पर्ने आवश्यकता भएको हुँदा देहाय बमोजिम संशोधनको प्रस्ताव गरिएको छ :

# मेगा बैंक नेपाल लिमिटेडको प्रबन्धपत्रमा गरिएको संशोधन प्रस्ताव

| दफा | साविक व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|---|
| ६(ख) | बैंकको जारी पूँजी रु. ७,५६,०८,१६,४८१.८१ (सात अर्ब छपन्न करोड आठ लाख सोह्र हजार चार सय एकासी रुपैयाँ एकासी पैसा) हुनेछ सो पूँजीलाई प्रति शेयर रु. १००।- दरको ७,५६,०८,१६४.८१ (सात करोड छपन्न लाख आठ हजार एक सय चौसठ्ठी दशमलव एकासी) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । | बैंकको जारी पूँजी रु.९,४७,०९,०५,३८६.८१ (नौ अर्ब सत्चालिस करोड नौ लाख पाँच हजार तीन सय छयासी रुपैयाँ एकासी पैसा) हुनेछ र सो पूँजीलाई प्रति शेयर रु. १००।- दरको ९,४७,०९,०५३.८७ (नौ करोड सत्चालिस लाख नौ हजार त्रिपन्न दशमलब सतासी) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । | गाभ्ने गाभिने क्रममा बैंकको जारी पूँजी वृद्धि हुने भएकोले । |
| ६(ग) | बैंकको चुक्ता पूँजी रु.७,५६,०८,१६,४८१.८१ (सात अर्ब छपन्न करोड आठ लाख सोह्र हजार चार सय एकासी रुपैयाँ एकासी पैसा) हुनेछ सो पूँजीलाई प्रति शेयर रु.१००।- दरको ७,५६,०८,१६४.८१ (सात करोड छपन्न लाख आठ हजार एक सय चौसठ्ठी दशमलव एकासी) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । | बैंकको चुक्ता पूँजी रु.९,४७,०९,०५,३८६.८१ (नौ अर्ब सत्चालिस करोड नौ लाख पाँच हजार तीन सय छयासी रुपैयाँ एकासी पैसा) हुनेछ र सो पूँजीलाई प्रति शेयर रु. १००।- दरको ९,४७,०९,०५३.८७ (नौ करोड सत्चालिस लाख नौ हजार त्रिपन्न दशमलब सतासी) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । | गाभ्ने गाभिने क्रममा बैंकको चुक्ता पूँजी वृद्धि हुने भएकोले । |

## मेगा बैंक नेपाल लिमिटेडको नियमावलीमा गरिएको संशोधन प्रस्ताव

| नियम | साविक व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|---|
| २७ (१) | सञ्चालकहरुको नियुक्ति वा निर्वाचन वार्षिक साधारण सभाबाट हुनेछ । तर व्यावसायिक विशेषज्ञ सञ्चालकको नियुक्ति सञ्चालक समतिले गर्नेछ । | सञ्चालकहरुको नियुक्ति वा निर्वाचन साधारण सभाबाट हुनेछ । तर व्यावसायिक विशेषज्ञ सञ्चालकको नियुक्ति सञ्चालक समतिले गरी सो को जानकारी नियुक्ति पछि बस्ने पहिलो साधारण सभामा दिनु पर्नेछ । | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १४ को उपदफा (३) बमोजिम हुने गरी संशोधन गरिएको । |
| २७ (२) | यस बैंकमा ९ जनाको सञ्चालक समिति हुनेछ जसमा संस्थापकहरु मध्येबाट मनोनित वा निर्वाचित ४ जना , सर्वसाधारण शेयरधनीहरुबाट निर्वाचित ४ जना र १ जना स्वतन्त्र व्यावसायिक विशेषज्ञ सञ्चालक हुनेछ । | यस बैंकमा ७ जनाको सञ्चालक समिति हुनेछ जसमा संस्थापकहरु मध्येबाट निर्वाचित वा मनोनित ३ जना, सर्वसाधारण शेयरधनीहरुबाट निर्वाचित वा मनोनित ३ जना र १ जना स्वतन्त्र व्यावसायिक विशेषज्ञ सञ्चालक हुनेछ । | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १४ अनुसार हुने गरी संशोधन गरिएको । |
| २९ (१) | ऐनले व्यवस्था गरे बमोजिम राष्ट्र बैंकले कायम गरेको व्यावसायिक विशेषज्ञहरुको सूचीबाट सञ्चालक हुन योग्य भएको व्यक्ति मध्येबाट ऐनको दफा १७ को उपदफा (२) बमोजिम समितिले एक (१) जना स्वतन्त्र व्यावसायिक सञ्चालक नियुक्त गर्नेछ । | ऐनले व्यवस्था गरे बमोजिम विशेषज्ञ सञ्चालक हुन योग्यता तथा अनुभव प्राप्त व्यक्तिहरु मध्येबाट समितिले एक (१) जना स्वतन्त्र व्यवसायिक सञ्चालक नियुक्त गर्नेछ । | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १७ अनुसार हुने गरी संशोधन गरिएको । |
| २९ (२) | निजको कार्यकाल वढीमा ४ वर्षको हुनेछ र निजको पुन:नियुक्ति हुन सक्नेछ । | निजको कार्यकाल वढीमा ४ वर्षको हुनेछ । | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १५ (१) अनुसार हुने गरी संशोधन गरिएको । |
| ३० | बैंकको अध्यक्ष तथा सञ्चालक लगातार २ पटक (अवधि) भन्दा बढी उक्त पदमा निर्वाचित वा मनोनित वा नियुक्त हुन सक्ने छैनन् । | बैंकको सञ्चालक पुन:नियुक्ति, निर्वाचित तथा मनोनित हुन सक्नेछ। तर कार्यकारी अध्यक्ष वा प्रबन्ध सञ्चालक लगातार दुई कार्यकाल सम्म मात्र रहन सक्नेछ । | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १५ अनुसार हुने गरी संशोधन गरिएको । |
| ३१ (क) | संस्थापक समूह 'क' बाट ४ जना सञ्चालकहरु आपसी समझदारीबाट मनोनित वा निर्वाचित हुनेछन् । सञ्चालकहरुले आफु मध्येबाट बहुमतले छानेको कुनै एक जना व्यक्ति समितिको अध्यक्ष हुनेछ । | संस्थापक समूह 'क' बाट ३ जना सञ्चालकहरु आपसी समझदारी बाट मनोनित वा निर्वाचित हुनेछन् । सञ्चालकहरुले आफु मध्येबाट बहुमतले छानेको कुनै एक जना व्यक्ति समितिको अध्यक्ष हुनेछ । | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १४ अनुसार हुने हुने गरी संशोधन गरिएको । |

| | | | |
|---|---|---|---|
| ३१ (ख) | समूह 'ख' का सर्वसाधारण शेयरधनीबाट निर्वाचित ४ जना । | समूह 'ख' का सर्वसाधारण शेयरधनीबाट निर्वाचित ३ जना । | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १४ अनुसार हुने हुने गरी संशोधन गरिएको । |
| ३६ (३) | कार्यकारी प्रमुखको पदावधि चार वर्षको हुनेछ तर लगातार दुई पटक भन्दा बढी एकै व्यक्ति उक्त पदमा नियुक्त हुन सक्ने छैन । | कार्यकारी प्रमुखको कार्यकाल बढीमा ४ वर्षको हुनेछ र निज अर्को एक कार्यकालको लागि पुनःनियुक्ति हुन सक्नेछ । | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २९ (२) बमोजिम हुने गरी संशोधन गरिएको । |